# सम्झौता पत्र

राष्ट्रिय युवा परिषद् र गैरआवासीय नेपाली संघ बीच युवा परिचालन तथा क्षमता अभिवृद्धिमा साझेदारी सम्बन्धि सम्झौता पत्र राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर, यस पछि (प्रथम पक्ष भनिने) र गैरआवासीय नेपाली संघ, सुवर्ण शम्शेर मार्ग, वडा नं. ४, बालुवाटार, काठमाडौं, यस पछि (दोस्रो पक्ष भनिने) बीच सहकार्य गरी युवा परिचालन गरि समृद्ध नेपाल निर्माण गर्न तपशिलको शर्त, बन्देजको अधिनमा रहि यो सम्झौता पत्र हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौ।

**शर्तहरु:**

- युवाहरुलाई उत्प्रेरणा गर्ने,
- युवाहरुलाई प्रभावकारी तरिकाले परिचालन गर्ने, र
- युवाहरुलाई उद्यमी बनाउने
- गैरआवासीय नेपाली युवाहरुलाई राष्ट्रिय युवा नीतिसंग जोड्ने

**राष्ट्रिय युवा परिषद् (प्रथम पक्ष) र गैरआवासीय नेपाली संघ (दोस्रो पक्ष) ले पालन गर्नु पर्ने बुदाहरुः**

१. प्रथम पक्षले मागे अनुसार उद्यमशीलता सम्वन्धि नविन सोच तथा विचार पेश गर्ने मध्य छानिएका सोचलाई तालिम उपलब्ध गराउन तथा आवश्यक अन्य सहयोग प्रथम पक्ष र दोस्रो पक्ष बीच को सहमतिमा गर्ने।

२. प्रथम पक्षबाट उद्यमशीलता तालिम लिएका युवाले उद्यम सुरु गर्न प्राविधिक सहयोग तथा Start up Fund को व्यवस्था गर्न दोश्रो पक्षले सहजकारी भूमिका निर्वाह गर्ने।

३. दोश्रो पक्षले सात दिने GYB, SYB तथा उद्यमशीलता र वित्तीय साक्षरता सम्वन्धी तालिम लिन चाहने थप युवाहरुलाई तालिम सञ्चालन गर्न आबस्यक व्यवस्था मिलाउने।

४. विदेशमा जान चाहने युवाहरुलाई कुन कुन देशमा कस्ता कस्ता रोजगारीको सम्भावना छ, त्यस्ता रोजगारीको लागि कस्तो सीप दक्षता चाहिन्छ बिषयक अभिमूखिकरण तालिम सञ्चालन गर्न दोश्रो पक्षले आबस्यक व्यवस्था मिलाउने।

५. विभिन्न देशमा रोजगारीको लागि जान चाहने युवालाई सम्वन्धित मुलुकमा हुन सक्ने खतराहरु, काम गर्ने क्रममा अपनाउनु पर्ने सचेतता तथा सुरक्षा प्रवन्ध सम्वन्धमा दोश्रो पक्षले सचेत गराउने कार्यक्रमहरु संचालन गर्ने।

६. विभिन्न देशमा भएका सम्भावित रोजगारी सम्मानित तरिकाले गर्ने, विदेशमा गएर सुरक्षित कसरी हुने, समस्याहरु के के आउन सक्दछन सम्वन्धमा प्रथम पक्ष को सहजतामा बेला बेलामा कार्यशाला गोष्ठी दोश्रो पक्षले गर्ने।

७. विभिन्न विद्यालयहरुमा तथा विश्व विद्यालय, क्याम्पसहरुमा उद्यमशीलता सम्वन्धी कार्यशालाहरु राख्न सहयोग तथा सहकार्य गर्ने वातावरणलाई नै उद्यमशील बनाउने प्रयासमा सहकार्य प्रथम पक्ष र दोश्रो पक्षले गर्ने।

८. बैदेशिक रोजगारी बाट फर्केका युवाहरुलाई बिशेष प्रोत्साहन दिई उद्यमी बन्नको लागि त्रैमासिक रुपमा दुइ पक्ष को सहमतिमा बिशेष तालिम, गोष्ठी कार्यशाला जस्ता कार्यक्रमहरु संचालन गर्ने र प्रारम्भिक लगानीको लागि पनि दोश्रो पक्षको संजाल भित्र आह्वान गरि सहजीकरण गर्ने।

९. राष्ट्रिय युवा परिषद् मा पनि अपनत्व कायम गर्नको लागि दोश्रो पक्षको तर्फबाट प्रतिनिधि स्वरुप आवश्यक र महत्वपुर्ण भूमिकामा युवाहरुलाई स्थान दिन प्रथम पक्ष सहमत हुने ।

१०. यो सम्झौता पत्र हस्ताक्षर भएको मिति देखि २ वर्षको लागि हुने छ । सो पश्चात सहमतिको आधारमा सम्झौता नवीकरण गरिने छ ।

११. सम्झौता रद्द गर्नु परेमा एक महिनाको अग्रिम सूचना दिनु पर्ने छ ।

१२. यस सम्झौतामा उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानुन अनुसार हुनेछ ।

प्रथम पक्षको तर्फबाट,

हस्ताक्षर

रमाकान्त शर्मा

प्रशासकीय प्रमुख

साक्षी,

हस्ताक्षर

नवराज निरौला

उप-सचिव

राष्ट्रिय युवा परिषद्

दोश्रो पक्षको तर्फबाट,

हस्ताक्षर

कुल आचार्य

कार्यकारी अध्यक्ष

साक्षी,

हस्ताक्षर

राज रेग्मी

युवा उपाध्यक्ष

साक्षी,

हस्ताक्षर

रमेश काफ्ले

युरोप क्षेत्रीय युवा संयोजक

गैरआवासीय नेपाली संघ